# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६ रिब्दीकोट माघ २७, २०७९ साल संख्याः ५**

**भाग – २**

## रिब्दीकोट गाउँपालिका

रिब्दीकोट गाउँपालिकाको कृषि तथा पशुपंक्षी व्यवस्थापन सम्बन्धी ऐन २०७९ बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम **एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि** सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९।१०।१७

पृष्ठभूमिः कृषि तथा पशुपन्छी विकास कार्यक्रमको माध्यमबाट कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने तथा रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धि गरी नागरिकको जीवनस्तर माथि ल्याउने मूल उद्देश्यका साथ रिब्दीकोट गाउँपालिकाले तय गरेको एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शि, प्रभावकारी, अनुमानयोग्य एवं प्रतिफलमा आधारित बनाउन बाञ्छनिय भएकोले रिब्दीकोट गाउँपालिकाको कृषि तथा पशुपंक्षी व्यवस्थापन सम्बन्धी ऐन २०७९ ले दिएको अधिकार प्रयोग गरी रिब्दीकोट गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद - १

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस कार्यविधिको नाम: “एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९” रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा:

(क) “गाउँपालिका” भन्नाले रिब्दीकोट गाउँपालिका सम्झनु पर्छ ।

(ख) “अध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ग) “उपाध्यक्ष ” भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(घ) “कार्यपालिका” भन्नाले रिब्दीकोट गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(ङ) “वडा” भन्नाले रिब्दीकोट गाउँपालिकाका सम्पूर्ण वडाहरु सम्झनु पर्छ ।

(च) “वडाध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाका वडाका वडाध्यक्षलाई सम्झनुपर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ज) “कर्मचारी” भन्नाले रिब्दीकोट गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनुपर्दछ ।

(झ) “कार्यक्रम” भन्नाले कृषि तथा पशुपन्छीसँग सम्बन्धित बाली, बागवानी, व्यवसायिक किट, व्यवसायिक पशुपालन आदिका उपक्षेत्रसंग सम्बन्धित

उत्पादन र व्यबसायिककरण गर्न सहयोग गर्ने कार्यक्रम भन्ने बुझिन्छ ।

(ञ) "समिति" भन्नाले रिब्दीकोट गाउँपालिकाको परिच्छेद-२ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ट) "शाखा" भन्नाले कृषि/पशु विकास शाखालाई सम्झनु पर्छ ।

(ठ) "सहकारी संस्था" भन्नाले कृषि सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(ड) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमहरुको लागि यस कार्यालयबाट उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनुपर्दछ ।

(ढ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न सक्ने कृषक/ समूह/कृषि फर्म/ कृषि सहकारीहरु र कृषिसँग सम्बन्धित समितिहरुलाई सम्झनु पर्दछ ।

(ण) "कृषि" शब्दले बाली, बागबानी तथा व्यवसायिक किट, पशुपालन आदिका उपक्षेत्रसँग सम्बन्धित उत्पादन र व्यवसायलाई सम्झनुपर्दछ ।

(त) "पशु" शब्दले घरपालुवा, पशुपन्छी र जलचर प्राणी समेतलाई सम्झनुपर्दछ ।

(थ) "फर्म" भन्नाले प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको व्यवसायी/उद्यमीको संस्थालाई सम्झनुपर्दछ ।

(द) "कार्ययोजना" भन्नाले अनुसूची-३ बमोजिमको कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यकता अनुसार सेवाग्राहीले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धी र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनुपर्दछ ।

(ध) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा

आवश्यकता र चाहना भएका व्यक्तिहरु मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई सम्बन्धित निकायमा दर्ता भएको संस्थालाई सम्झनुपर्दछ ।

(न) "बीउ" भन्नाले कुनै पनि बाली जातको वंशाणुगत जातिय शुद्धता, भौतिक शुद्धता, उपयुक्त चिस्यान, राम्रो उमार शक्ति, समान आकारप्रकार, चमकपन आदि गुणहरु तोकिएको मापदण्ड अनुसार कायम भएको हुनुपर्दछ ।

(प) "मोडेल फर्म" भन्नाले आधुनिक प्रविधियुक्त कृषि फर्म जसको आम्दानीले कम्तीमा पनि परिवारलाई आत्मनिर्भर बनाउने गरी व्यवसायिक रुपमा कृषि तथा पशुपंक्षीजन्य उत्पादनको लागि स्थापना गरिएको फर्म सम्झनुपर्दछ र सो शब्दले कृषि तथा पशुपंक्षीसँग सम्बन्धित छुट्टाछुट्टै बालीबस्तु वा दुई वा दुई भन्दा बढी बाली वा बस्तुको एकिकृत रुपमा संचालन गरिएको उत्पादनमूलक फर्मलाई समेत सम्झनुपर्दछ ।

(फ) "आधुनिक प्रविधियुक्त कृषि फर्म" भन्नाले साधन, श्रोत र प्रविधियुक्त व्यवस्थित रुपमा प्रयोग भएको कृषि फर्म सम्झनुपर्दछ ।

(ब) "कम्पनी" भन्नाले प्रचलित कानून अनुरुप दर्ता भएका कृषि/पशुपन्छी व्यवसाय गर्ने प्राइभेट तथा पब्लिक कम्पनीलाई सम्झनुपर्दछ ।

(भ) "श्रोत व्यक्ति" भन्नाले एक बाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(म) "कृषक सहजकर्ता" भन्नाले एक बाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त कृषकलाई सम्झनु पर्दछ ।

(य) "कृषक पाठशाला" भन्नाले २५ देखि ३० जना कृषकहरुको महिला पुरुषहरुको समूह हो जसलाई कक्षा भित्र पठनपाठन गराउनुको साटो खेतबारीमा व्यवहारिक, प्रयोगात्मक र खोजपूर्ण तरीकाहरु अपनाई बाली अवधिभर नियमित रुपमा बाली वातावरण प्रणालीको अवलोकन, विश्लेषण र समूह छलफलको आधारमा आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरुको समाधान गर्न सक्ने दक्ष बनाउने स्थान बुझ्नु पर्दछ ।

३. उद्देश्यः

(क) संभाव्यताको आधारमा कृषि क्षेत्रको आधुनिकिकरण, व्यवसायिकरण, यान्त्रिकरण गरी कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै उत्पादन र उत्पादकत्वमा सुधार ल्याई नागरिकको जीवनस्तरमा सुधार ल्याउनुको साथै गरीबी न्युनिकरणमा सघाउ पुऱ्याउने ।

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण र एकरुपता कायम गर्ने ।

(ग) संचालन हुने क्रियाकलापलाई पारदर्शी र यथार्थपरक बनाउने ।

(घ) कार्यक्रमका सम्बन्धमा सरोकारवालालाई सुसूचित गराउने ।

(ङ) कार्यक्रमको कार्यान्वयन, अनुगमन र प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने ।

## परिच्छेद - २

## समितिहरुको व्यवस्थाः

४. कार्यक्रमलाई व्यवस्थित ढंगले संचालन गर्न देहाय बमोजिमका समितिहरु रहनेछ ।

(क) एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन सहजीकरण समिति देहाय बमोजिम रहनेछ ।

गाउँपालिका भित्रका अगुवा कृषक मध्येबाट गाउँपालिका अध्यक्षले तोकेका १ जना - संयोजक

वडाध्यक्षबाट गाउँपालिका अध्यक्षले तोकेको ३ जना - सदस्य

कृषि शाखा प्रमुख - सदस्य सचिव

यस समितिको काम, कर्तव्य र अधिकार:

१. सबै वडामा गई कृषकहरुका समस्याहरु बुझ्ने र समस्या समाधानका लागि निर्देशक समिति मार्फत गा.पा. लाई सुझाव दिने ।

२. गाउँपालिकाको कृषि सम्बन्धि नीति/कार्यक्रम तर्जुमा गर्न राय परामर्श उपलब्ध गराउने ।

३. गा.पा भित्र उत्पादन संभाव्य बाली/बस्तुको पहिचान गरी सुझाव प्रदान गर्ने ।

४. तुलनात्मक लाभका बालीबस्तुका सम्बन्धमा अध्ययन गरी सोको पृष्ठपोषण गा.पा.लाई उपलब्ध गराउने ।

५. कृषकहरुको मनोबल उच्च राख्न समूह समूहमा उत्प्रेरणात्मक कक्षाहरु संचालन कार्यलाई सहयोग गर्ने ।

६. कृषिसँग सम्बन्धित विषयमा अन्तरपालिका समन्वय गरी आवश्यक सुझाव प्रदान गर्ने ।

७. कृषिसँग सम्बन्धित संघीय र प्रादेशिक व्यवस्थाहरुको अध्ययन गरी सोको स्थानीय स्तरमा कार्यान्वयनको सुझाव प्रदान गर्ने ।

ख. छनौट तथा निर्देशक समिति देहाय बमोजिम रहनेछ । यो कार्यविधि बमोजिमका क्रियाकलाप संचालन गर्न तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

गाउँपालिका अध्यक्ष - संयोजक

गाउँपालिका उपाध्यक्ष - सदस्य
प्रमुख प्रशासकीय अधिकृत - सदस्य
वडाध्यक्षहरु मध्येबाट १ जना (संयोजकले तोकेको) - सदस्य
कृषि/पशु शाखा प्रमुख - सदस्य सचिव

निर्देशक समितिले आवश्यकता अनुसार बढीमा ३ जना सम्म विषय विज्ञ वा सरोकारवालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

छनौट तथा निर्देशक समितिको काम, कर्तव्य र अधिकार:

१. कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने ।
२. कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्न वडा कार्यालय तथा सरोकारवालासँग समन्वय गर्ने ।
३. कार्यक्रमको प्रभावकारीताको समिक्षा तथा मूल्यांकन गर्ने ।
४. कार्यविधिमा आवश्यक संशोधनका लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ।
५. कार्यक्रम संचालनको क्रममा आइपरेका समस्याहरुको सम्बोधन तथा समाधानमा सहजीकरण गर्ने ।
६. अनुगमन समिति, प्राविधिक समिति तथा कार्यक्रम कार्यान्वयन सहजीकरण समितिले दिएका सुझावका सम्बन्धमा आवश्यक निर्णय गर्ने ।
७. कार्यक्रम संचालनका सम्बन्धमा प्राविधिक समितिलाई आवश्यक निर्देशन दिने ।
८. सूचना प्रकाशन भई माग भए बमोजिमका प्रस्तावउपर छलफल गरी उपयुक्त प्रस्ताव/प्रस्तावक छनौट गर्ने ।
९. यसरी छनौट गर्नुपूर्व छनौट समितिलाई स्थलगत अनुगमन आवश्यक छ भन्ने लागेमा समितिका पदाधिकारी आफै वा कार्यालयको कुनै कर्मचारीलाई स्थलगत अनुगमनका लागि खटाउन सक्नेछ ।

१०. छनौट भएका प्रस्ताव/प्रस्तावकसँग संझौता गरी कार्यक्रम संचालनका लागि अगाडि बढाउन निर्देशन दिने ।

ग. अनुगमन समिति देहाय बमोजिम रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| योजना शाखा हेर्ने अधिकृत | - सदस्य |
| प्राविधिक शाखा प्रमुख | - सदस्य |
| सम्बन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| कृषि/पशु शाखा प्रमुख | - सदस्य सचिव |

अनुगमन समितिको काम, कर्तव्य र अधिकार:

१. छनौट भएका प्रस्तावकले सम्झौता बमोजिम काम गरे/नगरेको सम्बन्धमा समय समयमा अनुगमन गर्ने ।

२. अनुगमन गर्दा सम्झौता बमोजिम काम नभएको पाइएमा सम्झौता बमोजिमको काम गर्ने निर्देशन दिने ।

३. कार्यक्रम संचालनको क्रममा देखिएमा समस्याहरु तथा राम्रा पक्षका सम्बन्धमा प्रतिवेदन तयार गरी निर्देशक समितिमा पेश गर्ने ।

४. काम सम्पन्न भए पश्चात सोको अनुगमन गरी भुक्तानीका लागि योग्य भए नभएको यकिन गरी राय सहितको अनुगमन प्रतिवेदन दिने ।

घ. प्राविधिक समिति देहाय बमोजिम रहनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| पूर्वाधार शाखा प्रमुख | - सदस्य |
| कृषि/पशु शाखा प्रमुख | - सदस्य-सचिव |

प्राविधिक समितिको काम, कर्तव्य र अधिकार:

❖ यो कार्यविधि अन्तर्गतका क्रियाकलाप संचालन गर्न निर्देशक समितिको निर्देशन अनुसार प्रस्ताव आह्वान गर्ने ।

❖ प्राप्त प्रस्तावहरुका सम्बन्धमा आवश्यक परेमा स्थलगत अनुगमन गर्ने ।

❖ रीतपूर्वक प्राप्त प्रस्तावका सम्बन्धमा आफ्नो राय सहित प्रस्ताव छनौटका लागि छनौट समितिमा पठाउने ।

❖ छनौट भएका प्रस्तावकसँग सम्झौता लगायतका आवश्यक कार्यक्रम संचालनका लागि लागत अनुमान, सर्भे डिजाइन, मूल्यांकन लगायतका कार्य गर्नुपरेमा कार्यालयको प्राविधिक शाखा मार्फत सो कार्य सम्पन्न गर्ने ।

❖ यो कार्यक्रम अन्तर्गतका कार्य संचालनका क्रममा आवश्यक प्राविधिक सहयोगको व्यवस्था मिलाउने ।

५. समितिको बैठक तथा सुविधाः माथि उल्लेखित समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ। बैठकमा उपस्थित हुने सदस्यहरुले बैठक भत्ता बाहेक अन्य सुविधा उपलब्ध हुने छैन ।

६. माग संकलनः

(१) यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग संकलन गर्न समयमै गाउँपालिकाले अनुसूची १ बमोजिम सूचना प्रकाशन गर्नेछ ।

(२) कार्यविधिको परिच्छेद ३ अन्तर्गतका विभिन्न कार्यक्रम शीर्षकमा तोकिएको मापदण्डमा रही इच्छुक निवेदकले आवेदन पेश गर्नुपर्नेछ ।

७. लाभग्राही छनौटः यस कार्यविधिमा उल्लेखित कार्यक्रमहरुको लाभग्राही छनौट दफा ४ (घ) बमोजिमको समितिले अनुसूची १० लाई आधार मानी गरेको सिफारिश समेतको आधारमा दफा ४ (ख) बमोजिमको समितिले गर्नेछ ।

८. अनुदान प्रवाह:

(१) अनुदान प्रवाह यस कार्यविधिको परिच्छेद ३ अन्तर्गतका विभिन्न कार्यक्रम शीर्षकमा तोकिए बमोजिम हुनेछ। त्यसमा छुट भएका क्रियाकलापहरुमा अनुदान प्रवाह गर्नुपर्ने भएमा  निर्देशक समितिको निर्णय बमोजिम अनुदान प्रवाह गरिनेछ।

(२) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने क्रियाकलाप, अनुग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भुक्तानी विधि उल्लेख गरी गाउँपालिकाले अनुग्राहीसँग अनुसूची- ४ बमोजिम सम्झौता गर्नेछ।

९. अनुदानको भुक्तानी:

(१) यो कार्यविधि अन्तर्गतका कार्यक्रमहरु संचालन गर्न छनौट  भएको कृषक, कृषि फर्म, सहकारीले कार्य सम्पन्न गरिसकेपछि सम्झौता बमोजिमको काम सम्पन्न भएकाले भुक्तानी पाउँ भनी अनुसूची ९ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

(२) यसरी निवेदन प्राप्त भएपछि दफा ४. ग बमोजिमको अनुगमन समितिले सम्झौता बमोजिमको काम भए नभएको सम्बन्धमा अनुगमन गरी भुक्तानीका लागि प्रतिवेदन पेश गर्नेछ। अनुगमन प्रतिवेदनमा प्राविधिकको प्रतिवेदन समेत संलग्न भएको हुनु पर्नेछ।

(३) उपदफा १ र २ बमोजिमको निवेदन र प्रतिवेदन प्राप्त भएपछि कार्यालयले अनुदान अनुदानग्राहीको खातामा सोझै वा एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गर्नेछ।

(४) यसरी गरिएको भुक्तानीको अद्यावधिक अभिलेख कार्यालयले राख्नु पर्नेछ।

१०. कार्यक्रम अनुगमन, मूल्यांकन तथा प्रतिवेदनः

(१) कार्यक्रम संचालनको लागि छनौट भएको क्षेत्र/क्लष्टर, छनौट भएको विषय, अनुदानग्राहीसँग भएको सम्झौताको विवरण गाउँपालिकाले नियमित रुपमा अद्यावधिक गरी प्रकाशन गर्नेछ ।

२) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि परिच्छेद २ (घ) बमोजिम गठित समितिले अनुगमन तथा मूल्यांकन गरी समय समयमा सो को प्रतिवेदन कार्यालयलाई पेश गर्नु पर्नेछ ।

११. संशोधन तथा हेरफेरः यस कार्यविधिमा छुटेका विषय बस्तु तथा कुनै अस्पष्टता भएमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## कार्यक्रम र प्राविधिक पक्ष

**१) एक वडा एक नमुना उत्पादन कार्यक्रमः**

१. पृष्ठभूमिः

गाउँपालिकाको कृषि क्षेत्रको उत्पादन वृद्धि, व्यवसायीकरण तथा विविधिकरण गर्न स्थानीय संभाव्यताको आधारमा स्थानीय स्तरमा नै बढीमा दुई बाली गाउँकार्यपालिकाबाट छनौट गरी उत्पादन वृद्धि गर्न एक वडा एक उत्पादन कार्यक्रम संचालन गरिनेछ। साना व्यवसायिक कृषि उत्पादन केन्द्रहरु (पकेट) स्थापना गरि व्यवसायिक रुपमा उत्पादन वृद्धि, प्रशोधन वा बजारीकरणमा सहयोग गर्न यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

२. उद्देश्यहरुः

क. स्थानीय संभाव्यताको आधारमा बालीबस्तु छनौट गरी उत्पादन वृद्धि गर्ने ।

ख. संभाव्यताको आधारमा कृषि क्षेत्रको व्यवसायिकरण एवं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।

ग. वडाको उत्पादनमा आधारित पहिचान कायम गर्ने ।

घ. बजार व्यवस्थापनमा सहजता ल्याउने ।

ङ युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी रोजगारी सिर्जना गर्ने ।

च. गरिबी निवारणमा टेवा पुऱ्याउने ।

३. लक्षित समूहः

कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि तथा पशु सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

४. एक वडा एक उत्पादनको बाली/बस्तु छनौटका आधारहरु :

- ❖ परम्परागत रुपमा उत्पादन हुँदै आएका बाली बस्तु ।
- ❖ भूगोल, हावापानी र माटो सुहाउँदो बाली बस्तु ।
- ❖ रोजगारी सिर्जना हुन सक्ने बालीबस्तु ।
- ❖ बजारको राम्रो संभाव्यता भएका बालीबस्तु ।
- ❖ स्थानीयबासीको रोजगारीका बालीबस्तु ।

५. कार्यक्रम संचालनको तरीकाः

क) परिच्छेद ३ को १ (४) को आधारमा सम्बन्धित वडा समितिले एक वडा एक उत्पादनको बाली/बस्तु छनौट गर्नुपर्नेछ ।

ख) परिच्छेद ३ को १ (५) क बमोजिम छनौट भएका बालीबस्तुको आधारमा कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिकाले अनुसूची १ बमोजिम प्रस्ताव आह्वानको लागि सूचना प्रकाशन गरिनेछ ।

ग) परिच्छेद २ को घ बमोजिमको प्राविधिक समितिले प्राप्त प्रस्तावहरुको सम्बन्धमा आवश्यक ठानेमा स्थलगगत अनुगमन समेत गरी प्रस्ताव छनौटका लागि छनौट तथा निर्देशक समितिमा राय सहित सिफारिश गर्नेछ ।

घ) परिच्छेद २ को ख बमोजिम छनौट तथा निर्देशन समितिले प्राविधिक समितिबाट आएको राय सुझावका आधारमा प्रस्ताव छनौट गर्नेछ ।

ङ) छनौट भएका अनुदानग्राहीहरुसँग कार्यालयले अनुसूची ४ बमोजिमको ढाँचामा संझौता गर्नेछ ।

च) भुक्तानीको लागि दफा ३ बमोजिमको प्रक्रिया लागु हुनेछ ।

६. कार्यक्रममा संचालन गर्न सकिने क्रियाकलापः

| सि. नं. | बाली बस्तु | संचालन गर्नुपर्ने क्रियाकलाप |
|---|---|---|
| १ | तरकारी | - बीउ खरिद, यन्त्रउपकरण, कृषि सामाग्री र तरकारीसँग सम्बन्धीत क्रियाकलाप । |
| | फलफूल | - बिरुवा खरिद, यन्त्रउपकरण, कृषि सामाग्री र फलफूलसँग सम्बन्धित क्रियाकलाप । |
| | गाई/भैसी पालन | - प्रजननयोग्य वा दुधालु गाई/भैसी/पाडा पाडी खरिद, दुध डेरी संचालन तथा सुधार, भकारो सुधार, थरी सुधार र गाई भैसीसँग सम्बन्धित क्रियाकलाप । |
| | बाख्रापालन | - उन्नत बोका, प्रजननयोग्य बाख्रा खरिद र लागत अनुमान अनुसार खोर निर्माण । |

| | | |
|---|---|---|
| | बंगुरपालन | - प्रजननयोग्य बंगुरको माउ/ पाठापाठी/खोर निर्माण। |
| | च्याउ खेती | - च्याउ घर निर्माण तथा सुधार, च्याउको बीउ खरिद, च्याउसँग सम्बन्धित सामाग्रीहरु खरिद । |
| | मौरीपालन | - मौरीघार गोला सहित, मौरीजन्य सामाग्री खरिद र मौरीसँग सम्बन्धित क्रियाकलाप । |
| | तेलहन, रैथानेबाली, मसलाबाली, नगदेबाली | - तेलहन, रैथानेबाली, मसलाबाली, नगदेबालीसँग सम्बन्धित क्रियाकलाप। |

७. अपेक्षित उपलब्धी:

- प्रत्येक वडालाई बालीबस्तु विशेष वडाको रुपमा पहिचान हुनेछ।
- व्यवसायिक खेतीको क्षेत्र विस्तारले उत्पादनमा वृद्धि हुनेछ।
- नयाँ उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेछ।
- उत्पादन तथा उत्पादकत्वमा सुधार भई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्नेछ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना हुनेछ।
- स्थानीय स्तरमै रोजगारी सिर्जना भई श्रम तथा प्रतिभा पलायनको वर्तमान अवस्थामा न्युनिकरण हुँदै जानेछ।
- उत्पादनशिल जग्गाको उचित उपयोग हुँदै जानेछ।

८. अनुदानको सीमा:

- तोकिएको बालीबस्तुसँग सम्बन्धित क्रियाकलापमा मात्र बढीमा ५०% अनुदान उपलब्ध गराइनेछ।

**२. कृषकलाई अनुदानमा बीउ वितरण कार्यक्रमः**

१. परिचयः

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि अनुदानमा बीउ वितरण कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी र प्रतिफलमा आधारित बनाउन यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

२. उद्देश्यः

- अनुदानलाई प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्न ।
- गाउँपालिकाको प्रतिवद्धता अनुरुप कृषिमा आत्मनिर्भर बनाउन ।
- साना किसानहरुलाई संगठित गर्न ।

३. लक्षित समूहः

कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि तथा पशु सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

४. कार्यक्रम संचालनको तरीकाः

- गाउँपालिका कार्यालयले अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरुका लागि अनुसूची ५ बमोजिम सूचना प्रकाशन गर्नेछ ।
- कार्यक्रममा सहभागी हुन चाहने कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरुले अनुसूची ६ बमोजिमको ढाँचा सूचनामा माग गरे अनुसारको कागजात सहित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।
- निवेदनहरुबाट पेश भएका निवेदक उपर प्राविधिक समितिले छानबिन गरी छनौट समितिले छनौटको लागि पेश गर्नेछ ।

- छनौट भइसकेका निवेदकहरुबाट आएका मागको एकिकृत विवरण तयार गरी सो अनुरुप हुने गरी कार्यालयले प्रचलित कानून अनुसार बीउ खरिद गर्नेछ ।
- यसरी खरिद गरिएको बीउ छनौट भएका निवेदकहरुलाई वितरण गरी यसको अभिलेख कृषि/पशु शाखाले राख्नु पर्नेछ ।
- बीउ अनुदान वितरण पछि उत्पादन र उत्पादकत्व अनुसूची ७ बमोजिमको ढाँचामा कृषि प्राविधिकले तथ्यांक संकलन गर्नुपर्नेछ ।

५. अपेक्षित उपलब्धीः

- उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेछ ।
- उत्पादन तथा उत्पादकत्वमा सुधार भई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्नेछ ।
- निर्वाहमुखी कृषकहरु संगठित भई व्यवसायिक खेती तर्फ उन्मुख हुनेछन् ।
- रोजगारी सिर्जना भई गरीबी तथा बेरोजगारी न्युनिकरणमा सहयोग पुग्नेछ ।

६. अनुदान प्रतिशत र अधिकतम सिमा

- बीउमा ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ । अनुदानमा बीउ माग गर्ने कृषकहरुबाट प्राप्त हुनु पर्ने रकम बीउ खरिद अगावै संकलन गर्न आवश्यक देखिएमा निर्देशक समितिको निर्णय बमोजिम गर्न सकिनेछ ।
- यो कार्यक्रमको लागि वार्षिक स्वीकृत बजेट भन्दा माग बढी हुन गएमा बजेटको परिधिभित्र रहेर बीउ वितरणको निर्णय अधिकार छनौट तथा निर्देशक समितिमा रहनेछ ।

**३. मोडेल फर्म कार्यक्रमः**

१. परिचयः

गाउँपालिका क्षेत्रभित्र कृषि तथा पशुपंक्षी क्षेत्रको विकास तथा बिस्तारको लागि स्थापित मोडेल फर्मको अनुकरण गरी अन्य कृषकहरुलाई कृषिमा आकर्षित गरी व्यवसायिक रुपमा कृषि तथा पशु क्षेत्रको व्यवसायिकरण तर्फ उन्मुख गराउन यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

२. उद्देश्यहरु

क. कृषि तथा पशुपन्छीजन्य बस्तुको व्यवसायिक रुपमा उत्पादन तथा गुणस्तरमा वृद्धि गरी आश्रित कृषक परिवारलाई स्वरोजगार एवं व्यवसायिक रुपमा आत्मनिर्भर बन्न सहयोग गर्ने ।

ख. व्यवसायिक कृषिलाई व्यवस्थित ढंगले संचालन गर्न ।

ग. उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न ।

घ. रोजगारी सिर्जना तथा गरीबी निवारणमा टेवा पुऱ्याउन ।

ङ. कृषि पर्यटनमा सघाउ पुऱ्याउन ।

च. युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न ।

३. लक्षित समूहः

कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि तथा पशु सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

४. कार्यक्रम संचालनको तरीकाः

- अनुसूची १ बमोजिम प्रस्ताव आह्वानको लागि सूचना प्रकाशन गरिनेछ ।
- परिच्छेद २ को ४ (घ) बमोजिमको प्राविधिक समितिले प्रस्तावहरुको स्थलगगत अनुगमन गरी प्रस्ताव छनौटका लागि छनौट तथा निर्देशक समितिमा राय सहित सिफारिश गर्नेछ ।

- परिच्छेद २ को ४ (ख) बमोजिम छनौट तथा निर्देशन समितिले प्राविधिक समितिबाट आएको राय सुझावका आधारमा प्रस्ताव छनौट गर्नेछ ।
- छनौट भएका अनुदानग्राहीहरुसँग कार्यालयले अनुसूची ४ बमोजिमको ढाँचामा संझौता गर्नेछ ।
- भुक्तानीको लागि दफा ३ बमोजिमको प्रक्रिया लागु हुनेछ ।

५. कार्यक्रम संचालनको मापदण्डः

अनुदानको वर्गिकरण, सिमा र शर्तहरुः

| सि.नं. | कार्यक्रमको विवरण | कार्यक्रम संचालन हुने बाली/वस्तु | कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|
| १ | मोडेल फर्म स्थापना कार्यक्रम | तरकारी | बीउ, यन्त्रउपकरण, कृषि सामाग्री खरिद, पूर्वाधार निर्माण र तरकारी खेतीसँग सम्बन्धित क्रियाकलाप | कृषक/कृषि फर्म वार्षिक बजेटको परिधि भित्र रही कार्यक्रम निर्देशक समितिको निर्णय अनुसार कार्यक्रम संचालन गरिनेछ । |
| | | फलफूल | बिरुवा, यन्त्रउपकरण, कृषि सामाग्री खरिद, र फलफूल खेतीसँग सम्बन्धित क्रियाकलाप | |
| | | गाई/भैसी | प्रजननयोग्य गाईभैसी खरिद, गोठ निर्माण तथा सुधार, भकारो सुधार, | |
| | | बंगुर | बंगुर खरिद, खोर निर्माण, बिर खरिद र बगुंरपालनसँग सम्बन्धित क्रियाकलाप | |
| | | बाख्रा | उन्नत बोका, प्रजननयोग्य बाख्रा खरिद, खोर निर्माण र बाख्रापालनसँग सम्बन्धित क्रियाकलाप | |

| | | | | |
|---|---|---|---|---|
| | | च्याउ | च्याउ घर निर्माण, बीउ खरिद र च्याउ खेतीसँग सम्बन्धित क्रियाकलाप | |
| | | मौरी | मौरीघार तथा गोला खरिद, मौरीजन्य सामाग्री खरिद र मौरीपालनसँग सम्बन्धित | |

| सि.नं. | कार्यक्रमको विवरण | कार्यक्रम संचालन हुने बाली/वस्तु | कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|
| २ | फर्म सुदृढिकरण कार्यक्रम | तरकारी | बीउ, यन्त्रउपकरण, कृषि सामाग्री खरिद, पूर्वाधार निर्माण र तरकारी खेतीसँग सम्बन्धित क्रियाकलाप | कृषक/कृषि फर्म/कृषक समूह वार्षिक बजेटको परिधि भित्र रही कार्यक्रम निर्देशक समितिको निर्णय अनुसार कार्यक्रम संचालन गरिनेछ । |
| | | फलफूल | बिरुवा, यन्त्रउपकरण, कृषि सामाग्री खरिद, र फलफूल खेतीसँग सम्बन्धित क्रियाकलाप | |
| | | गाई/भैसी | प्रजननयोग्य गाईभैसी खरिद, गोठ निर्माण तथा सुधार, भकारो सुधार, | |
| | | बंगुर | बंगुर खरिद, खोर निर्माण, बिर खरिद र बगुंरपालनसँग सम्बन्धित क्रियाकलाप | |
| | | बाखा | उन्नत बोका, प्रजननयोग्य बाखा खरिद, खोर निर्माण र बाखापालनसँग सम्बन्धित क्रियाकलाप | |
| | | च्याउ | च्याउ घर निर्माण, बीउ खरिद र च्याउ खेतीसँग सम्बन्धित क्रियाकलाप | |
| | | मौरी | मौरीघार तथा गोला खरिद, मौरीजन्य सामाग्री खरिद र मौरीपालनसँग सम्बन्धित | |

६. अपेक्षित उपलब्धी:

- व्यवसायिक रुपमा कृषि तथा पशुपंक्षी क्षेत्र विस्तार हुनेछ ।
- नयाँ उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेछ ।
- उत्पादन तथा उत्पादकत्वमा सुधार भई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्नेछ ।
- कृषि पर्यटनमा सहयोग पुग्नेछ ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना हुनेछ ।

७. अनुदान सीमा:

क. मोडल फर्म स्थापनाको लागि कूल लागतको ५०% वा बढीमा रु १ लाख सम्म हुनेछ ।

ख. फर्म सुदृढिकरणको लागि कूल लागतको ५०% वा बढीमा रु ३ लाख सम्म हुनेछ ।

**४. माटो परीक्षण शिविर कार्यक्रम:**

१. परिचय:

माटोमा रहेका विभिन्न खाद्य तत्वहरुको अवस्था थाहा पाउने र माटोको गुणहरु जस्तै: अम्लियपना, क्षारीयपना र प्राङ्गारिक पदार्थहरु अवस्था पहिचान गर्ने र देखिएका समस्यालाई सुधार गर्नको लागि कृषकहरुलाई पायक पर्ने गरी स्थलगत रुपमा कृषकहरुको खेतबारीमा माटो परीक्षण सेवा उपलब्ध गराउन माटो परीक्षण आवश्यक देखिएकोले यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

२. उद्देश्यहरु

क. माटोमा रहेका विभिन्न खाद्य तत्वहरु तथा माटोको गुणहरु पहिचान गर्ने ।

ख. माटोको अवस्था सम्बन्धमा वैज्ञानिक विश्लेषण गर्ने ।

ग. माटोको अवस्था तथा गुणहरु सुधारका लागि विभिन्न

विकल्पहरु प्रदान गरी कृषकहरुलाई जानकारी गराउने ।

घ. माटोको उर्वराशक्ति अभिवृद्धिमा टेवा पुऱ्याउने ।

३. लक्षित समूहः

कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

४. कार्यक्रम अन्तर्गत सम्पन्न गरिने क्रियाकलापः

- माटो परीक्षण शिविर सम्बन्धी तालिम तथा अन्तरक्रिया गर्ने ।
- कृषि प्राविधिकहरुले माटो परीक्षण गराउन इच्छुक कृषकहरुलाई माटोको नमूना संकलन गर्न सिकाउने ।
- माटो शिविर संचालनको लागि तोकिएको स्थानमा र मितिमा माटोको नमूना ल्याई माटो परीक्षणको लागि विभिन्न प्रविधि (किटबक्स तथा रासायनिक विधि) मार्फत माटोको परीक्षण गर्ने ।
- परीक्षणबाट प्राप्त नतिजाको प्रमाणपत्र कृषकहरुलाई प्रदान गरी प्राविधिक सल्लाह सुझाव दिने ।
- माटो परीक्षण प्राविधिक प्रतिवेदनको सिफारिश मात्राको आधारमा कृषकहरुको माग अनुसार माटो उपचारका लागि कृषि चुन र जिप्सम ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ ।
- माटो शिविर संचालन तथा माटो उपचारको लागि आवश्यक सामाग्री वितरणको लागि व्यवस्था गर्ने ।
- स्वीकृत कार्ययोजना अनुसार शिविर संचालन गर्ने ।

५. अपेक्षित उपलब्धीः

- व्यवसायिक कृषि क्षेत्रको विस्तार हुनेछ ।
- उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेछ ।

- उत्पादन तथा उत्पादकत्वमा सुधार भई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्नेछ ।

६. अनुदान प्रतिशत र अधिकतम सिमा

- गाउँपालिकाले निःशुल्क रुपमा माटो परीक्षण गर्नेछ ।

**५. माटो परीक्षण ल्याब स्थापना कार्यक्रमः**

१. परिचयः

विभिन्न बालीबस्तुहरु लगाउने माटोमा रहेका खाद्य तत्वहरु, अम्लिय तथा क्षारीयपना, प्रांगारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरुको आवश्यकता अनुरुप खाद्य तत्व आपूर्ति गर्न र कृषकहरुको माग बमोजिम गाउँपालिकामा माटो परीक्षण सेवा उपलब्ध गराउन आवश्यक महशुस गरी यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

२. उद्देश्यहरु

क. किसानलाई पालिका स्तरमै माटो जाँच सेवा उपलब्ध गराउने ।

ख. माटो विश्लेषण गरी माटो व्यवस्थापन सम्बन्धि प्रविधि सिफारिश गर्ने ।

ग. माटोको अवस्था तथा गुणहरु सुधारका लागि विभिन्न विकल्पहरु प्रदान गरी कृषकहरुलाई जानकारी गराउने ।

घ. माटोको उर्वराशक्ति अभिवृद्धिमा टेवा पुऱ्याउने ।

३. लक्षित समूहः

कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

४. कार्यक्रम अन्तर्गत सम्पन्न गरिने क्रियाकलापः

- माटो परीक्षणको लागि मिनि ल्याब मेशिन प्रचलित कानून बमोजिम खरिद गरिनेछ ।

- माटो नमूना संकलन सम्बन्धि निःशुल्क तालिम संचालन गरिनेछ ।
- एक आ.व.मा एकै पटक वा पटक पटक गरी १५ दिनको शिबिर सञ्चालन गरिनेछ ।
- माटो परीक्षण पश्चात सोको अवस्था सम्बन्धि प्राविधिक सुझाव सहितको प्रमाण पत्र उपलब्ध गराइने छ ।

५. अपेक्षित उपलब्धीः

- किसानहरुलाई आफ्नो माटोको अवस्था बारे जानकारी हुनेछ ।
- किसानहरुले माटोको अवस्था जानकारी लिई औषधि उपचार तर्फ अग्रसर हुनेछन ।
- उत्पादन तथा उत्पादकत्वमा सुधार भई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्नेछ ।

६. अनुदान प्रतिशत र अधिकतम सिमा

- माटो परीक्षणको शुल्क निर्धारण निर्देशक समितिले गर्नेछ ।

**६. कृषिका लागि सिंचाई कार्यक्रमः**

१. परिचयः

कृषकहरुको वास्तविक आवश्यकतालाई मध्यनजर राखी वर्षातको पानी संकलन पोखरी, कुलो, मोटर पम्प, पाइप, साना सिँचाई पूर्वाधार निर्माण तथा स्तरोन्नति, प्लाष्टिक पोखरी आदिको माध्यमबाट कृषकहरुलाई खेतीयोग्य जमिनमा सिँचाईको सुविधा बढाई उत्पादन र उत्पादकत्व वृद्धि गर्न यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

२. कार्यक्रमको उद्देश्यः

(क) सिंचित क्षेत्रफल बिस्तार गर्ने ।

(ख) विभिन्न कृषि बाली तथा वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धिको लागि सिंचाई सुबिधा बिस्तार गर्न सहयोग पुऱ्याउने,

(ग) सिंचाईका क्षेत्रमा नविनतम प्रविधि अनुसरण गर्ने ।

३. लक्षित समूहः

- कृषक/कृषक समुह/सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमी आदि ।

४. कार्यक्रम संचालन हुने क्रियाकलाप :

साना सिंचाई पूर्वाधार निर्माण तथा सुधार गरी व्यवसायिक खेती गर्ने लक्षित समूहको कृषियोग्य जमिनमा सिंचाईको सुविधा बढाउनको लागि साना सिँचाई पूर्वाधार निर्माण/स्तरोन्नति कार्यक्रमहरु संचालन हुनेछन । यसको लागि कुलो, नाला, पोखरी, मोटर, प्लाष्टिक पोखरी, थोपा सिंचाई तथा अन्य सिँचाई पूर्वाधार निर्माणमा अनुदान दिइनेछ । यो कार्यक्रम अन्तर्गत कृषि सिँचाईको लागि आवश्यकता अनुसार पाईप समेत उपलब्ध गराउन सकिनेछ ।

५. कार्यक्रम संचालनको तरीकाः

- गाउँपालिका कार्यालयले अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरुका लागि अनुसूची १ बमोजिम सूचना प्रकाशन गर्नेछ ।
- कार्यक्रममा सहभागी हुन चाहने कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरुले अनुसूची २ बमोजिमको ढाँचा सूचनामा माग गरे अनुसारको कागजात सहित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।
- निवेदकहरुबाट पेश भएका निवेदक उपर प्राविधिक

समितिले छानबिन गरी छनौट तथा निर्देशक समितिमा छनौटको लागि पेश गर्नेछ ।

- छनौट तथा निर्देशक समितिबाट छनौट भएका अनुदानग्राहीसँग कार्यालयले अनुसूची ४ बमोजिमको ढाँचामा संझौता गर्नेछ ।
- छनौट भइसकेका निवेदकहरुबाट आएका मागको एकिकृत विवरण तयार गरी सो अनुरुप हुने गरी कार्यालयले प्रचलित कानून अनुसार सामाग्री खरिद गर्नेछ । साथै पूर्वाधार निर्माणको लागि लागत अनुमान अनुसार हुनेछ ।
- यसरी खरिद गरिएको सामाग्री छनौट भएका निवेदकहरुलाई वितरण गरी यसको अभिलेख कृषि/पशु शाखाले राख्नु पर्नेछ ।
- सिंचाई सामाग्री वितरण पछि उत्पादन र उत्पादकत्व अनुसूची ७ बमोजिमको ढाँचामा कृषि प्राविधिकले तथ्यांक संकलन गर्नुपर्नेछ ।
- अनुदान भुक्तानीको लागि दफा ३ बमोजिमको प्रक्रिया लागु हुनेछ ।

६. अपेक्षित उपलब्धीः

- सघनबाली प्रणालीको विकास हुने ।
- बालीहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि हुने ।
- कृषकहरुको व्यवसायिक रुपमा कृषि उत्पादनमा हौसला प्रदान हुनेछ ।

७. अनुदान प्रतिशत र अधिकतम सिमाः

- अनुदानको सीमा अधिकतम ५० प्रतिशत हुनेछ ।

७. **किसानसँग अध्यक्ष कार्यक्रमः**

१. परिचयः

कृषि कर्ममा लागेका कृषकहरुलाई सानो तिनो आर्थिक समस्याका कारणले कृषि पेशा छाड्नु पर्ने बाध्यतालाई हटाउँदै कृषकहरुका तत्काल समाधान हुन सक्ने समस्या समाधान गरी आफूसँग नजिकको सरकार छ भन्ने अनुभूति दिलाउन यो कार्यक्रम संचालन गर्न लागिएको हो ।

२. कार्यक्रमको उद्देश्य

- कृषकहरुका साना तिना समस्या तत्कालै समाधान गर्न ।
- कम अनुदानले पनि कृषकहरुका अति आवश्यक समस्या समाधान गर्न ।
- कृषकहरुलाई गाउँपालिकाले तत्कालै समस्या समाधान गर्न सक्षम रहेछ भन्ने सकारात्मक प्रभाव पार्न ।

३. लक्षित समूहः कृषक

४. कार्यक्रम संचालनको तरीकाः

- गाउँपालिका अध्यक्षबाट किसानहरुले गरेका कृषि कार्यहरुको अनुगमनको क्रममा कृषकहरुको सामान्य आवश्यकता पूरा हुने खालको बस्तुगत/प्रविधिगत सहयोग उपलब्ध गराउन सकिनेछ। गाउँपालिकामा कृषकहरुको निवेदन पेश गरी कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहयोग पुग्ने यन्त्र उपकरण तथा अन्य कृषि सामाग्रीमा बढीमा रु १०,०००।- सम्मको गाउँपालिकाले अध्यक्ष ज्यूको तोक आदेशमा निःशुल्क उपलब्ध गराउन सकिनेछ ।

५. अपेक्षित उपलब्धीः

- कृषकहरुलाई हौसला प्राप्त हुनेछ ।

- कृषकहरुका साना तिना मागहरु तत्काल सम्बोधन हुनेछन् ।
- कृषकहरु व्यवसायिक कृषि तर्फ उन्मुख हुनेछन् ।
- नागरिकहरुको आर्थिक समृद्धिमा टेवा पुग्नेछ ।

**८. कृषक पाठशाला कार्यक्रमः**

१. पृष्ठभूमिः

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि किसानहरुको घर-घरमा गई आधुनिक कृषि प्रविधि सम्बन्धी जानकारी गराउने कार्यक्रमलाई कृषक पाठशाला कार्यक्रम भनिन्छ। स्थानीय स्तरमा नै किसानहरुलाई उनीहरुको खेतबारीमा नै बाली अवधिभर बाली उत्पादनसंग सम्बद्ध समस्याहरु केन्द्रित भई सहभागितात्मक खोज र प्रयोगका आधारमा बाली उत्पादनका नविनतम प्रविधिहरु अभ्यास गर्न यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

२. उद्देश्यः

कृषक पाठशाला कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछः

(क) प्रमाणित उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागित( ात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले किसानमा प्रवाह गर्ने ।

(ख) गाउँपालिकाको प्रतिबद्धता अनुरुप कृषिमा आत्मनिर्भर बनाउने ।

(ग) प्राविधिकहरुबाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयंलाई सहभागी गराई कृषकहरुको क्षमता विकास मार्फत कृषि उत्पादनमा वृद्धि गर्ने ।

३. लक्षित समूहः

कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि तथा पशु सहकारी, कृषि/पशुसँग सम्बन्धित समितिहरु ।

४. कार्यक्रम संचालनको तरीका:

- कृषक पाठशाला कार्यक्रमको संचालन कृषक पाठशाला श्रोत व्यक्ति तथा कृषक सहजकर्ता मार्फत संचालन गर्नेछ ।
- गाउँपालिकामा प्रविधि ग्रहण, विषादी प्रयोग, सामाजिक पूँजिको अवस्था, चेतना स्तर आदि सम्बन्धी कृषक पाठशाला संचालन गर्ने ।

५. अपेक्षित उपलब्धी:

- कृषकहरुलाई हौसला प्रदान हुनेछ ।
- कृषकहरुलाई रोग किरा नियन्त्रण, गोडलमेल, बीउ छनौट, रासायनिक मल प्रयोग सम्बन्धी जनचेतना अभिवृद्धि हुनेछ ।
- कृषकहरुले व्यवसायिक रुपमा कृषि खेती तर्फ उत्साहित हुनेछ ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना हुनेछ ।

६. अनुदान प्रतिशत र अधिकतम सिमा

- स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रममा कुनै पनि किसिमको अनुदान प्रदान गर्न सकिने छैन ।

७. कार्यक्रमको न्युनतम मापदण्ड:

- व्यवसायिक कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि तथा पशु सहकारी, कृषि/पशुसँग सम्बन्धित समितिहरुलाई कृषि सम्बन्धी तालिम प्रदान गर्ने ।

**९. प्राविधिक सेवा प्रदान कार्यक्रमः**

१. परिचयः

गाउँपालिकाले एक वडा एक प्राविधिकको व्यवस्था गरी जनतालाई कृषि तथा पशु प्राविधिक समस्यामा न्युनिकरण गर्न तथा उक्त सेवा उपलब्ध गराउने गरी जनताको आर्थिक सम्वृद्धिमा टेवा पुर्याउनको लागि तयार पारिएको कार्यक्रमलाई प्राविधिक सेवा प्रदान कार्यक्रम भनिन्छ। कृषि तथा पशु सेवालाई सरल सहज पहुँचयोग्य लागत कम छिटो छरितो र गुणस्तरीय रुपमा सेवा उपलब्ध गराउन यो कार्यक्रम संचालन गर्न लागिएको छ।

२. कार्यक्रम संचालनको उद्देश्यः

- गाउँ टोलमा पशु तथा कृषि सम्बन्धी सेवा सेवाग्राही जनताहरु बिचको दुरीलाई कम गर्दै पशुपन्छी तथा कृषि सेवा विकासमैत्री जनउत्तरदायी शासकीय प्रणालीको विकासमा योगदान पुर्याउने।
- व्यवसायिक पशुपन्छीपालन तथा कृषि क्षेत्रमा आधुनिक प्रविधिहरुमा व्यवसायिक पहुँच पुयाउने।
- गाउँपालिका क्षेत्र भित्रका सेवाग्राहीहरुको सेवा प्रवाहमा थप सुनिश्चितता प्रदान गर्ने।
- पशु तथा कृषि क्षेत्रमा आमूल परिवर्तन ल्याई जनताको आर्थिक सम्वृद्धिमा टेवा पुर्याउने।
- नमुना गाउँपालिका निर्माणमा सहयोग पुर्याउने।

३. लक्षित समूहः

कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि तथा पशु सहकारी, कृषि/पशुसँग सम्बन्धित समितिहरु।

४. कार्यक्रम संचालनको तरीकाः

- गाउँपालिकामा प्राविधिक सेवा उपलब्ध गराउनको लागि

वडागत रुपमा कृषि तथा पशु प्राविधिकको व्यवस्था गरिनेछ ।

- अति आवश्यक परेको स्थानमा वडागत रुपमा रहेका प्राविधिकलाई अन्यत्र समेत परिचालन गर्न सक्नेछ ।
- प्रत्येक घरधुरीमा प्रत्यक्ष भेटघाट तथा फिल्ड अनुगमन गरी कृषकहरुको समस्या समाधानको लागि जोड दिइनेछ ।
- कार्यक्रमका लागि आवश्यक औजार सामाग्री तथा रोग किरा नियन्त्रणको औषधि उपचार कार्यालयले व्यवस्थापन गर्नेछ ।

५. अपेक्षित उपलब्धी:

- कृषकहरुलाई हौसला प्रदान हुनेछ ।
- नागरिकहरुको आर्थिक समृद्धिमा टेवा पुग्नेछ ।
- कृषकहरुले व्यवसायिक रुपमा कृषि खेती तर्फ उत्साहित हुनेछ ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना हुनेछ ।

## १०. पशुपंक्षी स्वास्थ्य सेवा कार्यक्रम

१. परिचय:

पशु स्वास्थ्य सेवा र रोगकीरा नियन्त्रणको लागि पशुसेवा शाखाबाट वडा नं १ देखि ८ सम्म  एक गाउँ एक प्राविधिक मार्फत पशु स्वास्थ्य सेवा तथा कृषि सेवा प्रवाह गर्ने कार्यक्रमलाई पशुपंक्षी स्वास्थ्य सेवा कार्यक्रम भनिन्छ । पशुपालन व्यवसायबाट हुने क्षतिलाई न्युनिकरण गर्न र पशुस्वास्थ्य सेवाबाट बन्चित कृषक समुदाय सेवा प्रवाह गर्ने अभिप्रायले यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

२. उद्देश्य:

क. पशु स्वस्थ्य सेवा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने ।

ख. रोग किरा तथा पशुपंक्षीको रोगहरुको निदान उपचार र नियन्त्रणमा सहयोग गर्ने ।

ग. रोग किरा नियन्त्रण, पशुस्वास्थ्य तथा भेटेरीनरी र जनस्वास्थ्यको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने ।

घ. पशुपंक्षीमा लाग्ने माहामारी रोग नियन्त्रणमा जोड दिने ।

३. लक्षित समूहः कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि तथा पशु सहकारी, कृषि/पशुसँग सम्बन्धित समितिहरु ।

४. कार्यक्रम संचालन प्रक्रिया

१. कृषक, फर्म, सहकारी तथा सरोकारवालाहरुले पशु स्वास्थ्य सेवाका लागि मौखिक तथा लिखित रुपमा कार्यालयसँग अनुरोध गर्न सक्नेछ ।

२. यसरी अनुरोध भई आएका कृषि/पशु सेवा शाखाले उपलब्ध जनशक्तिलाई यथासंभव छिटो उक्त कार्यको लागि खटाउनु पर्नेछ ।

३. यसरी जनशक्ति खटाउँदा आवश्यक औषधिको प्रबन्ध समेत यथासंभव व्यवस्था गर्नुपर्नेछ ।

४. आवश्यक पर्ने औषधिको व्यवस्थापन वार्षिक नीति कार्यक्रम र बजेटको परिधि भित्र रही कार्यालयले प्रचलित कानूनी प्रक्रिया पुरा गरी पशुपंक्षी औषधिको व्यवस्था गर्नुपर्नेछ ।

५. अपेक्षित उपलब्धीः

- व्यवसायिक कृषि तथा पशुपालबाट हुने आर्थिक वृद्धिदरमा सहयोग पुग्नेछ ।
- रोगकीरा नियन्त्रण तथा पशुपंक्षी औषधी उपचार पछि कृषि तथा पशुपालनमा हुने क्षतिलाई न्यूनिकरण गर्न सकिनेछ ।

६. अनुगमन तथा मूल्यांकनको व्यवस्था:

कार्यक्रमको प्रभावकारीता सम्बन्धमा परिच्छेद २ को घ बमोजिमको अनुगमन समितिले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नेछ ।

## ११. पशु स्वास्थ्य व्यवस्थापन तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता दर्ता सम्बन्धी कार्यविधि

१. परिचय:

गाउँपालिका क्षेत्र भित्रका किसानहरुको पशुमा लाग्ने रोग किरा नियन्त्रण तथा अन्य भैपरी आउने समस्या समाधान गर्नको लागि व्यवस्थापन गरिएको कार्यक्रमलाई पशु स्वास्थ्य व्यवस्थापन कार्यक्रम भनिन्छ । साथै उक्त समस्या समाधानको लागि ३५ दिने तथा १५ महिने तालिम प्राप्त गरी पशु स्वास्थ्य सेवा संचालन गरेको प्राविधिकलाई पशु स्वास्थ्य कार्यकर्ता भनिन्छ । किसानहरुले पालनपोषण गर्दै आएका पशुहरुमा लाग्ने रोग नियन्त्रणको लागि पशु स्वास्थ्य व्यवस्थापन तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता दर्ता कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

२. कार्यक्रम संचालनको उद्देश्य:

- पशु स्वास्थ्य सेवा सरल र सहज बनाउने ।
- महामारी रोगबाट हुने क्षतिलाई न्युनिकरण गर्ने ।
- न्युन गुणस्तरहिन पशु स्वास्थ्य सेवा प्रति प्रवाह गर्ने ।

३. लक्षित समूह:

- ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता ३ महिने तालिम प्राप्त ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता/१५ तथा १८ महिने तालिम प्राप्त भेटेनरी जे.टि.ए ।

४. कार्यक्रम संचालन प्रक्रिया

१. तालिम प्राप्त ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताले सम्बन्धित प्रमाण पत्र कार्यालयमा पेश गर्नु पर्नेछ ।

२. कार्यालयले निश्चित शुल्क लिई कार्यालय आवद्ध गर्ने र सम्बन्धित काम गर्नको लागि अनुमति पत्र प्रदान गरिनेछ। साथै उक्त अनुमति पत्रलाई वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ।

५. अपेक्षित उपलब्धीः

- व्यवसायिक रुपमा पशुपालनबाट आर्थिक वृद्धिदरमा सहयोग पुग्नेछ।
- रोग नियन्त्रण तथा पशुपंक्षी औषधी उपचार पछि पशुपालनमा हुने क्षतिलाई न्यूनिकरण गर्न सकिनेछ।

**१२. आकस्मिक बाली संरक्षण कार्यक्रम**

१. परिचयः

गाउँपालिका क्षेत्र भित्र लगाइएका बालीबस्तुहरुमा दैवी प्रकोप, रोग किरा नियन्त्रण तथा अन्य भैपरी आउने समस्या समाधान गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको छ।

२. कार्यक्रम संचालनको उद्देश्यः

- रोग किरा नियन्त्रण गरी थप क्षतिबाट रोक्ने।
- आकस्मिक दैवी प्रकोप जस्तैः बाढी पहिरो, भूक्षय आदिबाट भएको क्षतिको सम्बोधन गर्ने।
- कृषकहरुलाई आत्मबल बढाउने।
- स्थानीय तहप्रतिको सकारात्मक दृष्टिकोण अभिवृद्धि गराउने।

३. लक्षित समूहः

- कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि तथा पशु सहकारी, कृषि/पशुसँग सम्बन्धित समितिहरु।

४. कार्यक्रम संचालनको तरीका:

१. कृषक, फर्म, सहकारी तथा सरोकारवालाहरुले कृषि क्षेत्रमा भएको हानी नोक्सानी वा क्षतिको लागि मौखिक तथा लिखित रुपमा कार्यालयसँग अनुरोध गर्न सक्नेछ।

२. यसरी अनुरोध भई आएका कृषि सेवा शाखाले उपलब्ध जनशक्तिलाई यथासंभव छिटो उक्त कार्यको लागि खटाउनु पर्नेछ। साथै आवश्यकताको आधारमा विज्ञ सहितको टोली खटाउनेछ।

३. यसरी जनशक्ति खटाउँदा आवश्यक औषधिको समेत यथासंभव व्यवस्था गर्नुपर्नेछ।

४. आवश्यक पर्ने औषधिको व्यवस्थापन वार्षिक नीति कार्यक्रम र बजेटको परिधि भित्र रही कार्यालयले प्रचलित कानूनी प्रबन्ध पूरा गर्नुपर्नेछ।

५. अपेक्षित उपलब्धी:

- कृषकहरुको समस्या समाधान हुनेछ।
- प्रकोप फैलनमा नियन्त्रण हुनेछ।
- छिटो छरितो रुपमा बाली संरक्षण हुनेछ।
- कृषकहरुको बालीमा भैपरी आउने रोगकिरा नियन्त्रण भई कृषिबाट हुने आम्दानी वृद्धि हुनेछ।
- उत्पादन तथा उत्पादकत्वमा सुधार आउनेछ।

६. अनुदान प्रतिशत र अधिकतम सिमा

- स्वीकृत बजेटको परिधिभित्र रही गाउँपालिका भरी निःशुल्क रुपमा कार्यक्रम संचालन गरिनेछ।

**१३. मागमा आधारित कार्यक्रम**

१. परिचयः

गाउँपालिका क्षेत्र भित्रका अधिकांश जनसंख्या कृषि पेशामा आवद्ध भएको हुँदा कृषकहरुको आवश्यकता र माग बमोजिम कृषिजन्य यन्त्र उपकरण अनुदानमा वितरण र तालिम तथा प्रविधि उपलब्ध गराई कृषकहरुको आयआर्जन वृद्धिमा सहयोग पुऱ्याउनको लागि यो कार्यक्रम संचालन गर्न लागिएको छ ।

२. कार्यक्रम संचालनको उद्देश्यः

- उत्पादन तथा उत्पादकत्वमा सुधार ल्याउने,
- कृषकहरुलाई कृषि तर्फ उन्मुख गराउन,
- नयाँ प्रविधिको अनुसरण गरी कूल लागतमा न्युनिकरण ल्याई आयस्तरमा वृद्धि गर्ने,
- कृषकहरुको आत्मबल बढाउने,
- स्थानीय तहप्रतिको सकारात्मक दृष्टिकोण अभिवृद्धि गराउने ।

३. लक्षित समूहः

- कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि तथा पशु सहकारी, कृषि/पशुसँग सम्बन्धित समितिहरु ।

४. कार्यक्रम संचालनको तरीकाः

१. अनुसूची १ बमोजिम सूचना प्रकाशन गरी माग संकलन गरिनेछ ।

२. अनुसूची २ बमोजिमको ढाँचामा गाउँपालिका भित्रका कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारीहरुले निवेदन पेश गर्नुपर्नेछ ।

३. प्राप्त निवेदन माथि प्राविधिक तथा स्थलगत अनुगमन गरी छनौट समितिले अनुदानग्राही छनौट गर्नेछ ।

४. छनौट भएका अनुदानग्राहीसँग कार्यालयले अनुसूची ४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

५. भुक्तानीको लागि दफा ३ बमोजिमको प्रक्रिया लागु हुनेछ ।

५. अपेक्षित उपलब्धीः

- कृषकहरुमा कृषि तर्फ आकर्षिक संख्यामा वृद्धि गर्न,
- कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि ल्याउने,
- रोजगारी सृजना तथा गरीबी न्युनिकरणमा टेवा पुऱ्याउने,

६. अनुदान प्रतिशत र अधिकतम सिमा

- सिँचाई पूर्वाधार, अन्य यन्त्रउपकरण, बीउ बिजन, कृषि सामाग्रीमा ५०% सम्म अनुदान उपलब्ध गराईनेछ। तालिम गोष्ठी, भ्रमण र प्रविधि प्रदर्शन जस्ता कार्यक्रममा स्वीकृत बजेटको परिधि भित्र रही कार्यालय प्रमुखले स्वीकृत गरे बमोजिम सञ्चालन गरिनेछ ।

## १४. साना व्यवसायिक पशुपालन कृषकको लागि प्रोत्साहन कार्यक्रम

१. परिचयः

गाउँपालिका भित्र रहेका साना पशुपालक कृषकहरुले संघ, प्रदेश, स्थानीय तहहरुबाट कुनै पनि किसिमको अनुदानबाट बञ्चित भएका पशुपालन गर्न चाहना भएका पशुपालन कृषकहरुलाई पशुपालन प्रति थप उत्साहित गर्नका लागि यो कार्यक्रम संचालन गरिएको छ ।

२. उद्देश्यः

१. निर्वाहमुखी पशुपालनलाई व्यवसायिमुखी पशुपालन तर्फ रुपान्तरण गर्ने ।

२. स्वरोजगारको सृजना गर्ने ।

३. पशुपालन तर्फ प्रेरित गर्ने ।

३. साना व्यवसायिक पशुपालन कृषकको लागि प्रोत्साहन कार्यक्रम संचालनको मापदण्ड

| सि. नं. | कार्यक्रम | मापदण्ड | कार्यक्रम अन्तर्गत गर्न सकिने क्रियाकलाप | अनुदान मापदण्ड |
|---|---|---|---|---|
| १. | गाईभैसी | गाई तथा भैसी माउ २ | गाई भैसी खरिद, गोठ, थरि सुधार, यान्त्रिक उपकरण खरिद | बजेटको परिधि भित्र रहि कुल लागतको ५० प्रतिशत तथा बढीमा रु २५ हजार मात्र |
| २. | बाख्रा | बाख्रा माउ कम्तिमा ५ माउ | प्रजनन् योग्य बोका, बाख्रा खरिद, खोर निर्माण, यान्त्रिक उपकरण खरिद | बजेटको परिधि भित्र रही कुल लागतको ५० प्रतिशत तथा बढीमा रु २० हजार मात्र |
| ३. | बंगुर | बंगुर माउ कम्तिमा २ | प्रजनन् योग्य विर, बंगर खरिद, खोर निर्माण, यान्त्रिक उपकरण खरिद | वजेटको परिधि भित्र रही कुल लागतको ५० प्रतिशत तथा बढीमा रु २० हजार मात्र |
| ४ | लोकल कुखुरा, टर्की, लौकाठ, हाँस | लोकल कुखुरा, टर्की, लौकाठ, हाँस कम्तिमा ५० माउ | लोकल कुखुरा, टर्की, लौकाठ, हाँस चल्ला खरिद, खोर निर्माण तथा उपकरण खरिद | बजेटको परिधि भित्र रही कुल लागतको ५० प्रतिशत तथा बढीमा रु १० हजार मात्र |

कार्यक्रम संचालन प्रक्रिया:

१. गाउँपालिकाको कार्यालयले स्वीकृत वजेट तथा कार्यक्रम अनुसार अनुसुची १ को ढाँचामा कम्तिमा १५ दिने सुचना प्रकाशन गरि अनुदानग्राहीसँग प्रस्ताव माग गर्नेछ। प्रथम पटक प्रकाशित सूचनामा प्रस्ताव नआएमा पुनः ७ दिने सुचना प्रकाशन गर्न सकिनेछ। दोश्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनै प्रस्ताव पेश नभएमा सो आ.व.मा उक्त कार्यक्रम संचालन गरिने छैन।

२. प्रस्ताव पेश गर्दा सूचनामा तोकिए बमोजिमको कागजात सहित

साना व्यवसायिक पशुपालन प्रोत्साहान कार्यक्रम संचालन कार्यविधिमा उल्लेखित कार्यक्रममा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले यस कार्यालयले तयार गरेको निवेदनको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ ।

प्राप्त प्रस्तावहरुको छनौट तथा कार्यक्रम संचालनको प्रक्रिया यसै कार्यविधिको मोडल फर्म स्थापना जस्तै हुनेछ ।

**१५. नश्ल सुधार कार्यक्रम**

१. परिचय

पशुपालनमा आवश्यक व्यवस्थापन पक्षहरु मध्ये उचित प्रजनन् व्यवस्थापन गर्न, पशुपालनमा बंशसुधार, पशुपालनबाट हुने उत्पादनमा वृद्धि ल्याउन, स्थानीयस्तरमा रहेका लोकल पशुहरुमा उन्नत जातको प्रजननबाट जन्मिने पाडापाडी, पाठापाठीमा उत्पादन क्षमता बढी हुन्छ र उन्नत जातको पशुहरुमा हुने रोगसंग लड्न सक्ने रोग प्रतिरोधात्मक क्षमता ऋस प्रजनन्बाट जन्मिने पशुहरुमा वृद्धि ल्याउनको लागि यो कार्यक्रम संचालन गरिएको हो ।

२. उद्देश्य:

- स्थानीय स्तरका पशुहरुमा नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने,
- पशुपालन व्यवसायिलाई परम्पराबाट आधुनिकिकरणमा बिस्तार गर्ने,
- कृषकहरुको आर्थिक आयआर्जनमा सुधार ल्याउने ।

३. नश्ल सुधार कार्यक्रमको संचालनको लागि आर्थिक मापदण्ड निम्न बमोजिमको रहेको छ ।

| क्र. सं. | कार्यक्रम | मापदण्ड | कार्यक्रम अन्तर्गत गर्न सकिने क्रियाकलाप | अनुदान मापदण्ड |
|---|---|---|---|---|
| १. | उन्नत जातको बोका वितरण | कम्तिमा २० वटा माउ बाखा भएको फर्म वा समुह सहकारी | सुचिकृत दर्तावाला फर्मबाट कम्तिमा ३० के.जि.बराबरको प्रजनन् योग्य बोका खरिद | बजेटको परिधि भित्र रही कुल लागतको ५०प्रतिशत तथा बढीमा रु २० हजार मात्र |
| २. | राँगो वितरण | समुदाय स्तरमा कम्तिमा वार्षिक ४० वटा भैसीमा प्रजनन् गराएको हुनु पर्ने | सुचिकृत दर्तावाला फर्म प्रजनन् योग्य राँगो खरिद | बजेटको परिधि भित्र रही कुल लागतको ५०प्रतिशत तथा बढीमा रु २० हजार मात्र |

४. कार्यक्रम संचालन प्रक्रिया

१. गाउँपालिकाको कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसुची १ को ढाँचामा कम्तिमा १५ दिने सुचना प्रकाशन गरि अनुदानग्राहीसँग प्रस्ताव माग गर्नेछ। प्रथम पटक प्रकाशित सुचनामा प्रस्ताव नआएमा पुनः ७ दिने सुचना प्रकाशन गर्न सकिनेछ। दोश्रो पटक सूचना प्रकाशित गर्दा समेत प्रस्ताव पेश नभएमा कार्यक्रम संचालन गरिने छैन।

२. प्रस्ताव पेश गर्दा सुचनामा तोकिए बमोजिमको कागजात सहित नश्ल सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले यस कार्यालयले तयार गरेको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

कार्यक्रम संचालनको अन्य तरीका मोडल फर्म स्थापना कार्यक्रम संचालनको तरीका जस्तै हुनेछ।

## १६. पोषण सुधार कार्यक्रम

१. परिचयः

पशुपालन व्यवसाय बढी व्यवसायिक तथा प्रतिस्पर्धी व्यवसायको रुपमा विकास गर्न उत्पादनमा लगानी घटाउन, दुध र मासु उत्पादन लागत घटाउन, घाँसमा आधारित पशुपालनलाई उन्नत घाँस खेतीलाई व्यापकता दिदै कृषकलाई आवश्यक पर्ने गुणस्तरिय घाँसको बिउ, सेट्स, स्लीपको उत्पादन र वितरण वडा भित्र नै सुनिश्चित गर्ने हेतुले घाँस वितरण कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम संचालन गर्न लागिएको हो ।

२. उद्देश्यः

१. कृषकहरुलाई आवश्यक पर्ने विभिन्न घाँसका बिउ,सेट्स,स्लीप र बेर्नाहरु सबै वडा भित्र नै उपलब्धताको सुनिश्चित गर्ने,
२. पशु उत्पादकत्वमा लाग्ने लागत कम गर्ने,
३. पशुजन्य उत्पादकत्व वृद्धि गर्ने,
४. घाँसमा आधारित पशुपालनमा जोड दिने ।

३. लक्षित समुहः पशुपालक कृषक, समुह, सहकारी, उद्यमी, पशु सम्बन्धि समितिहरु

४. कार्यक्रम संचालन प्रक्रियाः

१. कृषक, फर्म, सहकारी तथा सरोकारवालाहरुले पशु स्वास्थ्य सेवाका लागि मौखिक तथा लिखित रुपमा कार्यालयसँग अनुरोध गर्न सक्नेछ ।
२. यसरी अनुरोध भई आएका कृषि/पशु सेवा शाखाले उपलब्ध जनशक्तिलाई यथासंभव छिटो उक्त कार्यको लागि खटाउनु पर्नेछ ।
३. यसरी जनशक्ति खटाउँदा आवश्यक पर्ने घाँसको बीउ

बेर्नाको समेत यथासंभव व्यवस्था गर्नुपर्नेछ ।

४. घाँसको बीउ बेर्ना व्यवस्थापन वार्षिक नीति कार्यक्रम र बजेटको परिधि भित्र रही कार्यालयले प्रचलित कानूनी प्रक्रिया पुरा गरी गर्नुपर्नेछ ।

५. अपेक्षित उपलब्धिः

१. पशुजन्य उत्पादकत्व वृद्धि गर्ने,

२. निर्वाहमुखि व्यवसायलाई व्यवसायिकरण गर्ने,

३. गाउँपलिकालाई पशु जन्य पदार्थमा आत्मनिर्भर तर्फ उन्मुख गराउने ।

## अनुसुची -१

## कार्यक्रमको प्रस्ताव आह्वानको सुचना

सुचना । सुचना ॥ सुचना ॥।

रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालयको आ.व. २०........../......... को स्वीकृत कार्यक्रम अनुसार ......................................कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषक समुह/पशु समुह/कृषि/पशु सहकारी संस्था, निजी कृषि/पशु फर्म र कृषि उद्यमीलाई प्रस्ताव आव्हान गरी यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ...... दिन भित्र तपशिलमा उल्लेखित भए बमोजिमका कागजात समेत संलग्न राखी अनुसूची २ बमोजिमको ढाँचामा निबेदन पेश गर्नु हुन अनुरोध छ।

तपशिल

१. अनुसुची २ अनुसारको आवेदन फाराम।

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना।

३. कृषक समुह/कृषि सहकारी संस्था/कृषि फर्म/पशु फर्म/कम्पनी दर्ता प्रमाण-पत्रको फोटोकपी।

४. सहकारी संस्था/कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं.को प्रमाण-पत्रको फोटोकपी

५. नेपाली नागरिकताको प्रमाणित फोटोकपी।

६. जग्गाधनी दर्ता प्रमाण पत्र/सम्झौताको फोटोकपी (ऐलानी जग्गा भए वडा कार्यालयको सिफारिश)।

७. भाडामा भए १० वर्षको सम्झौता पत्र।

८. लागत सहभागिता प्रतिवद्धता पत्र।

९. सम्बन्धित वडा कार्यालयको सिफारिश/गाउँकार्यपालिका कार्यालयको सिफारिश।

## अनुसुची -२
## अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने निवेदन

मिति:................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय, पाल्पा

बिषय: अनुदान उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा रिब्दीकोट गाउँपालिकाको मिति ....मा प्रकाशित सूचना अनुसार म/हामी ............ले .......... कार्यक्रम अन्तरगत अनुदान सहयोग प्राप्त गरी...... कार्य गर्न ईच्छा भएकाले निम्नानुसार कागजात राखी निवेदन पेश गरेको छु/छौं । अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया भित्र रही कार्य गर्नेछु/छौं । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निबेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
२. कृषक समुह/कृषि सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण-पत्रको फोटोकपी ।
३. सहकारी संस्था, कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं.को प्रमाण-पत्रको फोटोकपी ।
४. नेपाली नागरिकताको प्रमाणित फोटोकपी ।
५. जग्गाधनी दर्ता प्रमाण पत्र/सम्झौताको फोटोकपी (ऐलानी जग्गा भए वडा कार्यालयको सिफारिश)
६. सम्बन्धित वडा कार्यालयको सिफारिश/गाउँकार्यपालिका कार्यालयको सिफारिश ।
७. दोहोरो अनुदान नलिएको स्व-घोषणा पत्र ।

| | | |
|---|---|---|
| निबेदक नाम: | संस्थाको नाम: | ठेगाना: |
| दस्तखत: | फोन नं.: | संस्थाको छाप: |

## अनुसूचि - ३
## कार्ययोजनाको ढाँचा

१. प्रस्ताव सम्बन्धी विवरण

| | |
|---|---|
| प्रस्तावक कृषक/ फर्म/ समूह/ सहकारी नाम | |
| अध्यक्ष/प्रोपाईटर नाम | |
| ठेगाना | |
| सम्पर्क नं. | |
| लाभान्वित सदस्य संख्या | |
| पा.न. | |
| खेती गरिने जमिनको किसिम | आफ्नै स्वामित्व .. हे<br>करार/भाडामा ....हे |

२. प्रस्ताव पेश गरेको कार्यक्रमको नाम:

३. प्रस्तावित बाली/बस्तुको नाम:

४. प्रस्तावित कार्यक्रम अन्तर्गत संचालन भएका क्रियाकलापको विवरण:

| बाली/बस्तुको नाम | क्षेत्रफल/संख्या | वार्षिक उत्पादन | वार्षिक बिक्रि रु. |
|---|---|---|---|
| | | | |
| | | | |

५. प्रस्तावित कार्यक्रममा प्रयोग हुने जग्गाको विवरण:

| जग्गाको किसिम | कित्ता न. | क्षेत्रफल | सिंचित | असिंचित |
|---|---|---|---|---|
| खेत | | | | |
| बारी | | | | |
| पाखो | | | | |
| जम्मा | | | | |

६. भौतिक संरचना र यन्त्र उपकरणको विवरण :

| बिवरण | अवस्था | क्षमता | संख्या |
|---|---|---|---|
| टनेल | | | |
| पोखरी | | | |
| गोठ | | | |
| खोर | | | |
| हाते ट्याक्टर | | | |
| चापकटर | | | |
| सिँचाई | | | |
| | | | |
| | | | |
| | | | |

७. बाली/वस्तुको विवरण:

| बाली/बस्तुको नाम | भएको संख्या/ क्षेत्रफल/बोट संख्या | थप बिस्तार हुने क्षेत्रफल/संख्या |
|---|---|---|
| तरकारी | | |
| फलफूल | | |
| च्याउ | | |
| मौरी | | |
| बाख्रा | | |
| गाइ/भैसी | | |
| बंगुर | | |
| कुखुरा | | |
| | | |
| | | |

८. प्रस्तावित क्रियाकलाप :

| क्र.स. | क्रियाकालाप | संख्या/के.जि. | क्षमता/परिमाण | जम्मा लागत | आवेदकको लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

९. प्रस्तावित कार्यक्रम माग गर्नको कारण,औचित्य

१०. बजारीकरणको सम्भावना:

११. भौतिक पूर्वाधारको अवस्था:

१२. रोजगारीको अवस्था:

| आंशिक रोजगारी | पूर्णकालिन रोजगारी | दैनिक ज्यालादारी |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

प्रस्तावकको तर्फबाट

नाम:

पद:

दस्तखत:

## अनुसूचि - ४

## कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता-पत्र

रिब्दीकोट गाउँपालिकाबाट आ.व.२० / को स्वीकृत कार्यक्रम अनुसार संचालन गरिने ................................................ गर्न रिब्दीकोट गाउँपालिका, (यस पछि पहिलो पक्ष भनिने) र रिब्दीकोट गाउँपालिका वडा नं ...............को श्री................................. (यस पछि दोश्रो पक्ष भनिने) बिच तपशिलका शर्तहरु पालना गरी/गराई कार्यक्रम सम्पन्न गर्न यो सम्झौता गरी लियौ/दियौ ।

तपशिल

१. यो आयोजना/कार्यक्रम सम्पन्न गर्न दोश्रो पक्षलाई प्रथम पक्षबाट रु .........................वा कामको अन्तिम मूल्यांकनको ...............% मध्ये जुन रकम कम हुन्छ त्यति रकम अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सहयोगमा आफूले प्रस्ताव गरे अनुसार ..........................................कार्यक्रम संचालन गर्नु पर्नेछ ।

३. पहिलो पक्षले तोकेको प्राबिधिकले नियमित रुपमा संझौता बमोजिम दोश्रो पक्षले कार्यक्रम संचालन गरे नगरेको अनुगमन गर्नेछ, दोश्रो पक्षले स्वीकृत लागत इष्टिमेट र सम्झौता अनुसारका कार्यहरु नगरेको पाईएमा सम्झौता खारेज गर्न सकिनेछ ।

४. यस सम्झौतामा उल्लेखित कार्यहरु गर्दा परि आउने कुनै पनि प्राकृतिक प्रकोपको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ। यस बापत पहिलो पक्षले कुनै दायित्व बहन गर्ने छैन ।

५. यो सम्झौता कार्यान्वयनमा कुनै बिबाद पर्न आएमा छनौट तथा निर्देशक समितिको निर्णय अन्तिम हुनेछ ।

६. दोश्रो पक्षले यस कार्यक्रम अन्तर्गत सम्झौता भन्दा फरक कार्य गरेमा सोको लागि पहिलो पक्षले कुनै अनुदान रकम उपलब्ध गराउने छैन ।

७. यस संभौता अनुसारको कार्य मिति ......................भित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

८. सम्झौता बमोजिम काम सम्पन्न भइसके पछि सो को प्रमाणित हुने बिल भरपाई कागजात लगायतका सबै प्रक्रिया पूरा भएमा प्रथम पक्षले दोश्रो पक्षबाट भएको कामको मूल्यांकन गरी अन्तिम मूल्यांकनलाई आधार मानी सम्झौता बमोजिमको रकम **EFT** वा **AC Payee** चेक मार्फत दोश्रो पक्षलाई उपलब्ध गराउनेछ ।

९. यस सम्झौतामा उल्लेख भएका ब्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

पहिलो पक्षको तर्फबाट सही गर्ने
नामः
पदः
दस्तखतः
मितिः
सम्पर्क नं.:
छापः

दोश्रो पक्षको तर्फबाट सही गर्ने
नामः
पदः
दस्तखत
मितिः
सम्पर्क नं.
छापः

## अनुसूची-५

## .......को बीउ माग गर्ने सम्बन्धी सूचना

मिति ..........

आ.व. .....................को रिब्दीकोट गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५०% अनुदानमा .......को बीउ वितरण गर्ने कार्यक्रम सम्पन्न गर्न बीउको माग संकलन गर्नुपर्ने भएकोले उक्त कार्यक्रमबाट लाभान्वित हुन इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषिसंग सम्बन्धित समितिहरुले आवश्यक ....... बिउको परिमाण र जात उल्लेख गरी....... दिन भित्र सम्बन्धित वडा कार्यालयमा तपशिलका कागजात सहित निबेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

१. निवेदन .

२. कृषकको हकमा नागरिकता प्रमाण-पत्र प्रतिलिपी र जग्गाधनी प्रमाण-पत्र प्रतिलिपि .

३. फर्म, समूह र सहकारीको हकमा दर्ता प्रमाण-पत्र प्रतिलिपी र बीउ माग गर्ने निर्णयको प्रतिलिपि .

...................................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-६

मिति...............

श्री वडा अध्यक्ष ज्यू,
.....................वडा कार्यालय

विषयः बीउ माग सम्बन्धमा.।

प्रस्तुत विषयमा रिब्दीकोट गाउँपालिकाको मिति ............... को सूचना अनुसार म/हामीलाई ............. के.जी. ............... जातको ......... को बिउ आवश्यक भएको हुँदा (म/हाम्रो ५० प्रतिशत लागत सहभागिता रहने प्रतिबद्धता सहित) उपलब्ध गराई दिनु हुन तपशिलका कागजात सहित यो निवेदन पेश गरेको छु।

तपशिल

१. निवेदन
२. नागरिकताको प्रतिलिपि
३. लालपूर्जा
४. समूह सहकारीको हकमा बीउ माग गर्ने निर्णयको प्रतिलिपि र दर्ता प्रमाण पत्र
५. फर्म दर्ता प्रमाण पत्र

निवेदक
नामः
ठेगानाः
सम्पर्क न.:

## अनुसूची-७
## तथ्यांक संकलन फारम ढाँचा

बाली/बस्तुको नामः .........................

वडा न.: .........

गाउँ/टोलः .................

| क्र. स. | कृषकको नाम | क्षेत्रफल | बिउ परिमाण (के.जी.) | उत्पादन (के.जी.) | लगानी (रु) | नाफा (रु) | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-८

मिति...............

श्रीमान् अध्यक्ष ज्यू,
रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय, पाल्पा ।

विषयः ...................माग सम्बन्धमा ।

प्रस्तुत विषयमा म.............ले .....खेती गरिरहेको हुँदा ...... आवश्यक परेको हुँदा नियमानुसार उपलब्ध गराई दिनु हुन अनुरोध छ।
आवश्यक कागजातहरु
१. नागरिकताको प्रतिलिपि प्रतिलिपि

निवेदक
नामः
ठेगानाः
सम्पर्क नं.

## अनुसूची-९

## भुक्तानी मागको निवेदन

मितिः...................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय,
खस्यौली, पाल्पा

विषयः भुक्तानी सम्बन्धमा ।

प्रस्तुत विषयमा रिब्दीकोट गाउँपालिकासँग मिति ...........................मा सम्झौता भएकोमा स्वीकृत लागत अनुमान, कार्ययोजना अनुसार कार्यसम्पन्न भएकोले वडा स्तरीय अनुगमन समितिको सिफारिश, बिल भरपाई, फोटाहरु, प्राविधिक मूल्यांकन सहित भुक्तानीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदक
नामः
ठेगानाः
सम्पर्क नं.

## अनुसूची-१०

प्रस्तावित प्रस्तावहरु छनौटका आधार

| सि.नं. | आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कै. |
|---|---|---|---|---|
| १ | कार्यक्रमले ओगटेको क्षेत्रफल/संख्या | ५ | | |
| २ | प्रस्तावित कार्यको उत्पादन वृद्धि प्रशोधन र बजारिकरणमा पुग्ने सहयोग | ५ | | |
| ३ | प्राविधिक एवं भौगोलिक उपयुक्तता | ५ | | |
| ४ | रोजगारी सृजना संख्या र प्रस्तावित कार्यको अनुभव | ५ | | |
| ५ | प्रस्तावित कार्यको सिर्जनात्मकता तथा नविनता | ५ | | |
| ६ | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | ५ | | |
| ७ | प्रस्तावित कार्यक्रमको अनुदान सहयोग लिए/नलिएको | ३ | | |
| ८ | महिला भएमा | २ | | |
| ९ | प्रस्तावित कार्यमा कृषकको आवश्यकता अनुरुप भएको/नभएको | ५ | | |
| १० | प्रस्तावित कार्यमा कृषकको नगद वा वस्तुगत योगदान परिणाम र प्रतिवद्धता | १० | | |
| | जम्मा | ५० | | |

नोटः माथि उल्लेखित छनौटका आधारहरु प्रयाप्त नभएमा सो को कारण समेत खुलाई छनौट तथा निर्देशक समितिले थप आधारहरु तय गर्न सक्नेछ ।

## अनुसूची-११

## स्व-घोषणा

रिब्दीकोट गाउँपालिकाले मिति ................ गते प्रकाशित सूचना अनुसार ............................................................ कार्यक्रममा सहभागिताको लागि कार्ययोजना र आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गरेका छु/छौं, उक्त कार्यक्रमसंग छनौट भएमा कार्ययोजना अनुसार कार्य गर्नेछौ । कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य नगरेमा प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्दता ब्यक्त गर्दछु/गर्दछौ । अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला साथै प्रस्तावित कार्यहरुका लागि बिगत ३ बर्ष देखि कुनै अनुदान सहयोग प्राप्त नगरेको व्यहोरा समेत ब्यक्त गर्दछु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

नामः

ठेगानाः

सम्पर्क नम्बरः

दस्तखत्ः

आज्ञाले

पवन अर्याल

प्रमुख प्रशासकीय अधिकृत